# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २६ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले स्वास्थ्य बीमा प्रिमियममा जीएसटी छुट लागू भएमा राज्यको कोषलाई प्रत्येक वर्ष लगभग ९ सय करोड रुपियाँ घाटा हुने बताउनु भएको छ।

- पश्चिम बंगाल विधानसभाका विपक्षी नेता तथा भाजपा नेता शुभेन्दु अधिकारीले आज तृणमूल सरकारप्रति आदिवासी समाजमाथि दमन र आरक्षणबाट वञ्चित गरेको गम्भीर आरोप लगाउनु भयो।

- पहाडको विभिन्न क्षेत्रमा आज हर्षोल्लासको साथमा हरितालिका तीज पर्व पालन गरियो I

- दार्जिलिङ पुलिसले गत शनिबारको दिन राष्ट्रिय राजमार्ग ३१ अन्तर्गत १० माइल क्षेत्रबाट निखोज बनेको इशान गुरुङबारे सूचना दिने व्यक्तिलाई दुई लाख रुपियाको ईनामको घोषणा गरेको छ I

- भारतीय प्राणी सर्वेक्षणका वैज्ञानिकहरूले पश्चिम बंगालमा कोलेम्बोला नामक माटोमा बस्ने सूक्ष्मजीवहरूको दुई नयाँ प्रजातिहरू पत्ता लगाएका छन्।

**मुख्यमन्त्री जीएसटी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले स्वास्थ्य बीमा प्रिमियममा वस्तु तथा सेवा कर (जीएसटी) छुट लागू भएमा राज्यको कोषलाई प्रत्येक वर्ष लगभग ९ सय करोड रुपियाँ घाटा हुने बताउनु भएको छ। जीएसटी दरहरूको प्रमुख पुनर्संरचनाको एक भागको रूपमा स्वास्थ्य बीमा र अन्य धेरै वस्तुहरूलाई करबाट छुट दिने प्रस्ताव अर्को महिना हुने जीएसटी परिषद्को बैठकमा राखिने सम्भावना छ। मुख्यमन्त्री ममता ब्यानर्जीले बर्दवानमा एक सरकारी कार्यक्रममा स्वास्थ्य बीमामा जीएसटी छुटले बंगाललाई ९ सय करोड रुपियाँ घाटा हुने बताउनु भएको थियो I तथापी उहाले भन्नु भयो, पहिले जनताको बारेमा सोच्नु परेको थियो। उहाले यो सुधारको वकालत गर्नुको कारण धेरै भन्दा धेरै मानिसहरूले बीमा कभरेज पाउन सकून् भन्ने रहेको बताउनु भयो । हाल स्वास्थ्य बीमामा १८ प्रतिशत जीएसटी लगाइन्छ, जसमध्ये राज्यहरूले नौ प्रतिशत हिस्सा पाउँछ। मुख्यमन्त्रीले बीमा कम्पनीहरूले प्रिमियम बढाएर यो राहतको फाइदा लिन नहुने चेतावनी पनि दिनु भएको छ। उहाले भन्नु भयो, , "जीएसटी कटौतीपछि बीमा कम्पनीहरूले प्रिमियम नबढाउने कुरा हामीले सुनिश्चित गर्नुपर्छ। उहाले यस पहलको उद्देश्य परिवारहरूमा पर्ने बोझ कम गर्नु रहेको बताउनु भयो।"

**शुभेन्दु अधिकारी**

पश्चिम बंगाल विधानसभाका विपक्षी नेता तथा भाजपा नेता शुभेन्दु अधिकारीले आज साल्ट लेकस्थित भाजपा कार्यालयमा पत्रकार सम्मेलन गर्नु हुदै तृणमूल सरकारप्रति आदिवासी समाजमाथि दमन र आरक्षणबाट वञ्चित गरेको गम्भीर आरोप लगाउनु भयो। श्री अधिकारीले देशको जल, वन र भूमिको संरक्षणमा आदिवासी समाजको भूमिका सधैं अतुलनीय रहेको बताउनु भयो। उहाले भगवान बिरसा मुन्डा, सिद्धु-कान्हु मुर्मु जस्ता नेताहरूको नेतृत्वमा भएको हुल विद्रोह र आन्दोलनले भारतको स्वतन्त्रता संग्रामलाई नयाँ दिशा दिएको बताउनु भयो। उहाले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीले सधैं आदिवासी समाजलाई प्राथमिकता दिनु भएको छ , जसको सबैभन्दा ठूलो उदाहरण राष्ट्रपति पदमा द्रौपदी मुर्मुको निर्वाचन हो। श्री अधिकारीले त्यतिबेला तृणमूल कांग्रेसले उहाको विरोध गरेको र उहाको विरुद्धमा मतदान गरेको बताउनु भयो। श्री अधिकारीले पश्चिम बंगालमा आदिवासीहरूलाई केवल छ प्रतिशत र अनुसूचित जातिहरूलाई २२ प्रतिशत आरक्षण दिइएको, जसका कारण आदिवासीहरू

धेरै सरकारी सुविधाहरूबाट वञ्चित भएको  आरोप लगाउनु भयो  । उहाले,खाद्य विभागमा १५ हजार  रुपियाँ तलब भएको कन्ट्रैक्टको नोकरीमा  पनि आरक्षण लागू नगरिएको , जबकि केन्द्रीय एस.सी, एस.टी आयोगले कन्ट्रैक्ट, पार्ट-टाइम अनि  प्रोबेशन पदहरूमा पनि आरक्षण अनिवार्य रहेको स्पष्ट पारेको बताउनु भयो ।

**<u>नियुक्ति घोटाला- मामिला</u>**

नियुक्ति घोटालाको जाच  गरिरहेको प्रवर्तन निदेशनालयले तृणमूल कांग्रेसका विधायक जीवनकृष्ण साहा र उनकी धर्मपत्नी टागोरी साहाको ब्यांक खातामा शंकास्पद कारोबार पत्ता लगाएको छ। एजेन्सीका अनुसार, सेप्टेम्बर २ देखि १४ दिसम्बर २०२० को बीचमा चार महिनामा टागोरी साहाको खातामा लगभग २६ लाख रुपियाँ जम्मा गरिएको बताईएको छ । जानकारी अनुसार, जीवनकृष्ण र उनकी श्रीमती दुवै सरकारी कर्मचारी हुन् र तलब बाहेक, उनीहरूको कुनै घोषित आय स्रोत छैन। यस्तो अवस्थामा, लाखौं रुपियाँ खातामा आएपछि ईडीले सोधपुछको क्रममा, विधायककी श्रीमतीले यो रकम उनको पतिले खातामा जम्मा गरेको स्वीकार गरिन । एजेन्सीले अब यो रकमको  वास्तविक स्रोतको जाच गरिरहेको छ।

**<u>तीज</u>**

नारीहरुको  महान पर्वहरुमा मध्ये  एक हो हरितालिका तीज।  जसको महत्व हाम्रो संस्कृतिमा निक्कै ठूलो रहेको छ I धार्मिक रूपमा तीज अन्तर्गत उमामहेश्वरको पूजा गरी निराहार व्रत बस्ने र भोलिपल्ट व्रतको उद्यापन गरेर भोजन गर्नेसम्मका कृत्यहरू पर्दछन् । यसका साथै तीजमा दरका रूपमा विशेष खानपान, नाचगान र मनोरञ्जन समेत गरिन्छ । तीजमा विवाहिता महिलाहरू आफ्ना पतिको दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिता सुयोग्य वरको आशा राखी व्रत बस्छन् । व्रतको समयमा महिलाहरूले तीजको व्रतकथा सुन्ने र समापनमा पूजा लगाई  दान दक्षिणा गर्ने चलन रहेको छ । आज पाहाडको विभिन्न स्थानहरूमा हर्षोल्लासको साथमा तीज पर्व पालन गरियो I  दार्जीलिङ्गको चौरस्तामा नारीहरू भेला भएर बडो हर्षोल्लासको साथ तीज पालन गरे। रातो साडीमा श्रृंगारको साथ सजिएर नाच गान गरेर रमाइलो गर्दै सबैले तीज मनाए। यसरी नै  खरसाङ, कालेबुङ अनि मिरिकको  मन्दिर लगायत विभिन्न ठाँउमा आज हरितालिका तीज खुबै श्रद्धा भक्तिका साथ पालन गरियो ।

**<u>गोपाल योन्जन</u>**

गोपाल योन्जन प्रतिष्ठान मिरिकले आज वाग्येकार गोपाल योन्जनको ८२ औ जन्म जयन्ती पालन गर्यो I मिरिकको गोर्खा रंगमंच भवन परिसरमा रहेको वाग्येकार गोपाल योन्जनको सालिगमा दीप धुप प्रज्वलन साथै माली अर्पण गर्दै उनलाई श्रधान्जाली अर्पण गरिएको थियो I  प्रतिष्ठानका अध्यक्ष एस. बी. गजमेरको अध्यक्षता तथा  सचिव केसांग लामाले संचालन गरेको कार्यक्रममा जीटीएका कार्यकारीनी सभासद अरुण सिग्ची अनि  सभासद मिलेश राईले वाग्येकार गोपाल योन्जनले नेपाली सांगीतिक क्षेत्रमा दिएको योगदान अमुल्य रहेको बताए I कार्यक्रममा सुचना अनि सांस्कृतिक विभाग मिरिकका कलाकारहरुले सामुहिक रूपमा गोपाल योन्जनको शब्द संगीतमा रहेको गीत प्रस्तुत गरे I

**<u>दार्जिलिङ हिल्स युनिभर्सिटी</u>**

दार्जिलिङ हिल्स युनिभर्सिटीमा अस्थायी रूपमा अतिथि प्राध्यापक नियुक्ति प्रक्रिया अन्तर्गत हिजदेखि अन्तर्वार्ता शुरु भएको छ। विश्वविद्यालयले यसअघि ३० जुन २०२५ मा सार्वजनिक गरेको विज्ञापन अनुसार अंग्रेजी, इतिहास, पत्रकारिता तथा मास कम्युनिकेशन , नेपाली, राजनीतिशास्त्र र गणित गरी ६ वटा शैक्षणिक विभागमा दुई-दुई जना गरी कुल १२ जना अतिथि प्राध्यापक पदको लागि आवेदन गर्न आह्वान गरेको थियो भने विश्वविद्यालय पक्षबाट जानकारी अनुसार १६० जना भन्दा बढि उम्मेदवारहरूले आवेदन दिएका  थिए। विश्वविद्यालयका अनुसार योग्यताका आधारमा छनोटमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता २५ अगस्टदेखि २८ अगस्टसम्म तोकिएको तालिका अनुसार सञ्चालन भइरहेको छ  ।

**<u>दार्जिलिङ पुलिस-इशान गुरुङ</u>**

दार्जिलिङ पुलिसले गत शनिबारको दिन राष्ट्रिय राजमार्ग ३१ अन्तर्गत १० माइल क्षेत्रबाट निखोज बनेको इशान गुरुङलाई खोजी र उद्धार गर्न पूर्ण समर्पणसहित सम्भव सबै प्रयास गरिरहेको जनाएको छ। पुलिसले यस कार्यमा जन सहभागिता र सहयोगको लागि आम नागरिकलाई अपिल गरेको छ। पुलिसले इशान गुरुंगको अवस्थिति पत्ता लगाउन सहयोग पुऱ्याउने कुनै विश्वसनीय सूचना कसैसँग भएमा अगाडि आउन आग्रह गरेको छ। यस सम्बन्धमा सहयोगी सूचना दिने व्यक्तिलाई दुई लाख रुपियाँको पुरस्कार प्रदान गरिने समेत पुलिले जनाएको छ। यसरी नै पुलिसले सुचना उपलब्ध गराउनका लागि ९७३३३००५७५ / ९१४७८८९०५८ नम्बर जारी गरेको छ ।

## नयाँ प्रजाति- जीव

भारतीय प्राणी सर्वेक्षणका वैज्ञानिकहरूले पश्चिम बंगालमा कोलेम्बोला नामक माटोमा बस्ने सूक्ष्मजीवहरूको दुई नयाँ प्रजातिहरू पत्ता लगाएका छन्। यो उपलब्धिलाई यस क्षेत्रको समृद्ध जैविक विविधता बुझ्ने र माटोको स्वास्थ्यमा यी जीवहरूको महत्त्वपूर्ण भूमिका पहिचान गर्ने दिशामा ठूलो कदम मानिएको छ। प्राणी सर्वेक्षणले पत्ता लगाएको नयाँ प्रजातिलाई सलिना औरन्टियामाकुलाटा र सलिना स्यूडोमोन्टाना नाम दिइएको छ। पहिलो प्रजातिको नाम यसको चम्किलो ओरेन्ज दागहरूबाट राखिएको छ, जबकि दोस्रोको नाम सलिना मोन्टानासँग यसको उपस्थितिको समानताको कारणले राखिएको छ।

## बंगलादेशी नागरिक पक्राउ

सशस्त्र सीमा बलले खोरीबाड़ीमा भारत-नेपाल सीमामा गौरसिंहजोतबाट एक बांग्लादेशी नागरिकलाई पक्राउ गरेको छ। तिनी बांग्लादेशको लालमोनिरहाटको निवासी रहेको जानकारी प्राप्त भएको छ । सूत्रहरू अनुसार, पक्रा पर्ने विदेशी नागरिक गत तीन वर्षदेखि अवैध रूपमा बांग्लादेशबाट भारतमा छिरेर खोरीबाड़ीको सीमावर्ती गाउँ गौरसिंहजोतमा बस्दै आइ रहेको थियो । आरोपीले आफ्नो बांग्लादेशी नाम बदली गरेर अर्घ्य बर्मन राखेको थियो। तिनले भारतमा आधार कार्ड र प्यान कार्ड सहित भारतीय कागज पत्रहरु पनि बनाएको बताईएको छ । एसएसबीले हिज गोप्य सूचना पाएपछि आरोपीसित सोधपुछ गरेपछि उसलाई हिरासतमा लियो। एसएसबीले आरोपीदेखि बांग्लादेशी नागरिक पहिचान पत्र जफत गरेको छ। तिनलाई एसएसबीले खोरीबाड़ी थानामा बुझाएपछि पुलिस अघिल्लो कारबाहीमा जुटेको छ।

## शिवानी थापा

दार्जीलिंगकी ८ वर्षीया शिवानी थापाले राष्ट्रिय स्तरको क्योरोगी प्रतियोगितामा रजत पदक जितेकी छन्। उनले सब-जुनियर गर्ल्स २४ के.जी. तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै उपाधि हात पारेकी हुन्।

****** ० ******